अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।०२ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

तिलाठी कोईलाडी गाउँपालिका, गाउँ कार्यपालिका कार्यालय सप्तरीमा तत्कालीन सव-इन्जिनियर (प्राविधिक सहायक) पदमा कार्यरत दिपेन्द्र कुमार झा भनिने दिपेन्द्र कुमारले सव-इन्जिनियर पदमा करार नियुक्ति लिने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली रहेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज दिपेन्द्र कुमारले तिलाठी कोईलाडी गाउँपालिका, तिलाठी, सप्तरीमा सव-इन्जिनियर पदमा करार नियुक्ति लिनका लागि **Diploma in Civil Engineering Academic Transcript, Tribhuvan University, Institute Of Engineering, Western Region Campus, Lamachaur, Pokhara** बाट उत्तीर्ण गरेको भनी **Character Certificate** समेतका नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नियुक्ति लिई ओहोदा, लाभ र सुविधा प्राप्त गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया